(Misdemeanor Guilty Plea Admonition – Nepali translation)

# दोष  स्वीकार सम्बन्धि सल्लाह

**तलको सल्लाह सबैको लागि लागू हुन्छ**

दोष स्वीकार गर्नु अगाडी म यो सल्लाह दिन चाहन्छु कि तपाई दोष स्वीकार गर्दा आफ्ना केहि अधिकार हरु त्याग गर्दै हुनुहुन्छ | तपाई संग गल्ति अस्विकार गर्ने अधिकार छ र न्यायाधिश अगाडी अथवा जुरी अगाडी ट्रायलको अधिकार छ | यस्तो ट्रायलमा तपाइलाई हेर्ने, सुन्ने, सामना गर्ने र वकिल मार्फत गवाही दिने व्यक्ति माथि क्रस जांच गर्ने अधिकार छ | तपाई आफ्नो गवाही दिने व्यक्ति ल्याउन सक्नुहुन्छा र कुनै गवाही दिने व्यक्ति आउन नचाहेमा अदालतको आदेश द्वारा उपस्थित गराउन सकिनेछ | तपाई आफै पनि गवाही दिन सक्नुहुनेछ | यदि तपाइले गवाही दिन नसकेको खण्डमा कसैले तपाईलाई जब्बरजस्ती गर्न मिल्नेछैन र नदिएकोमा केहि भन्न पाउनेछैन | सबैभन्दा बुझ्नु पर्ने कुरा के हो भने यदि तपाइले दोष स्वीकार गर्नु भयो भने तपाईको ट्रायल हुँदैन र कोहि पनि अदालत नगयिकन र कुनै सबूत बिना नै तपाइलाई दोषी साबित गरिन्छ |

**तलको सल्लाह सम्बन्धित प्रतिवादीका लागि लागू हुन्छ**

X जी, मैले तपाइको ट्रायल सम्बन्धि अधिकार बुझाउँदा के तपाइँ अदालतमा हुनुनुन्थ्यो?

तपाईलाई अधिकारको बारेमा केहि प्रश्न छ?

२००५-टि आर-१२३ मा, तपाइलाई आरोप लागेको छ तपाई निलम्बित लाइसेन्स लिएर सवारी चलाउनुभएको थियो | यो आरोप अनुसार १/१/०५ मा तपाई फोर्ड गाडी ब्रयडली र मकिन्ली सडक, श्यम्पैनमा सेक्रेटरी अफ स्टेटले निलम्बित गरेको बेला चलाउनुभएको थियो | तपाइलाई शून्य देखि ३६४ दिन सम्म जेल चलान र $२५०० सम्म जरिवाना गरिन सक्छ | तपाई बुझ्नुहुन्छ तपाइलाई के आरोप लागेको छ ?

तपाइंलाई कसैले करकाप, धम्कि, अथवा जब्बरजस्ती यो गल्ति स्वीकार गर्न लगाएको छ ?

मुद्दा चलाउने महानुभाब, तपाई यो आरोपलाई पुष्टी गर्न सक्नुहुन्छ |

पी/डी जी, तपाई मान्नुहुन्छ कि स्टेटसंग गवाही छन् जसले तपाइंको बिरुद्ध गवाही दिन सक्छन ?

केहि सम्झौता भएका छन् ?

X जी, तपाइंले सुन्नुभयो त्यो सम्झौता ?

तपाई त्यो सम्झौता स्वीकार गर्नु हुन्छ ?

तपाइलाई अघि भनिएका बाहेक केहि अरु बाचा हरु गरिएका छन् जसले गर्दा तपाई यो गल्ति स्वीकार गर्दै हुनुहुन्छ ?

के तपाई अब स्वीकार गर्नुहुन्छ तपाई २००५-टि आर-१२३ को आरोप अनुसार निलम्बित लाइसेन्स लिएर सवारी चलाउनुभएको थियो?

**कोर्टले पत्ता लगाएका कुराहरु**

यो रेकोर्डले प्रतिवादीलाइ आफ्नो अधिकार को जानकार गराएको, होश हवास मा स्व स्फुर्त यो अधिकार मिनाहा गरिएको र यो आरोपका सबूत प्रस्तूत गरिएको देखाउनु पर्नेछ | तदनुसार यो आरोप स्वीकार भएको छ |

**स्पस्टिकरण**

**अपिल सम्बन्धि सल्लाह**

तपाइले गल्ति स्वीकार गरेतापनि तपाई संग अपिल गर्ने अधिकार हुन्छ | यो अधिकार प्रयोग गर्नु अघि तपाइले ३० दिन भित्र मोसन इन रायिटिंग दर्ता गर्नु पर्नेछ जसमा तपाइले कोर्टलाई आफ्नो दोष स्वीकार गरेको कुरा फिर्ता लिने र न्याय फिर्ता लिने कुरा लेख्नु पर्नेछ | यदि यो मोसन अगाडी बढेको खण्डमा अर्को ट्रायल गरिनेछ जसमा स्टेटको अनुरोधमा पहिलो ट्रायलमा छुटेका अथवा खारेज गरिएका कुराहरुलाई फेरी निकाल्न सकिनेछ | यदि यसो गर्न तपाइको सामर्थ्य छैन भने कार्यबाहीका प्रतिलिपि र वकिल मगाउन सक्नुहुनेछ | सबैभन्दा महत्वपुर्ण कुरा के हो भने तपाइले ३० दिन भित्र यो मोसन दर्ता गर्नु भएन भने यो अधिकार सदा को लागि गुमौनुहुनेछ |

**खुल्ला अपिल सम्बन्धि सल्लाह**

तपाइले गल्ति स्वीकार गरेपनि तपाई संग अपिल गर्ने अधिकार हुन्छ | यो अधिकार प्रयोग गर्नु अघि तपाइले ३० दिन भित्र मोसन इन रायिटिंग दर्ता गर्नु पर्नेछ जसमा तपाइले कोर्टलाई आफ्नो दोष स्वीकार गरेको कुरा फिर्ता लिने र सजाय फेरी विचार गरिपाऊ भनि लेख्नु पर्नेछ | यदि यो मोसन अगाडी बढेको खण्डमा अर्को ट्रायल गरिनेछ जसमा स्टेटको अनुरोधमा पहिलो ट्रायलमा छुटेका अथवा खारेज गरिएका कुराहरुलाई फेरी निकाल्न सकिनेछ | यदि यसो गर्न तपाइको सामर्थ्य छैन भने कार्यबाहीका प्रतिलिपि र सजाय फेर्ने माग गर्न सक्नुहुनेछ | सबैभन्दा महत्वपुर्ण कुरा के हो भने तपाइले ३० दिन भित्र यो मोसन दर्ता गर्नु भएन भने यो अधिकार सदा को लागि गुमौनुहुनेछ |

Translated by: Neelam Dhungel